नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(.............................शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं :-
प्राप्त पत्र संख्या र मिति -

मिति :-२०८२/९/८

# goAML System मा आवद्ध हुने सम्वन्धी सूचना !!!

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७(ध) र १० (क) अनुसार सहकारी संस्थाहरुले संस्थामा भएको कारोवारको आधारमा शंकास्पद कारोवार/गतिविधि प्रतिवेदन (STR/SAR) तथा सीमा कारोबार विवरण (TTR) हरु वित्तीय जानकारी इकाईमा रिपोर्टिङ्ग गर्नुपर्ने व्यवस्था रहेको छ।

सहकारी विभागले जारी गरेको "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४" को २१(२) मा "सहकारी संघ/संस्थामा भएको कारोवारको आधारमा सीमा तथा शंकास्पद कारोवार वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्ने अवस्थामा सीमा तथा संकास्पद कारोवार/क्रियाकलापको प्रतिवेदन अनिवार्य रुपमा वित्तीय जानकारी इकाईको goAML System (Production Environment) वाट मात्र पेश गर्नु पर्नेछ। यसको लागि संघ/संस्थाहरुले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।" भन्ने व्यवस्था रहेको छ ।

नेपाल राष्ट्र वैंक, वित्तीय जानकारी इकाइले मिति २०८२/२/८ मा जारी गरेको सूचनावाट सवै सूचक संस्थाहरुले goAML System (Production Environment) मा रजिष्टर्ड भई (STR/SAR/TTR) को रिपोर्टिङ्ग Web/XML माध्यमबाट गर्नुहुन अनुरोध गरिएको छ ।

यसरी वित्तीय जानकारी इकाइको उक्त प्रणालीमा आवद्ध भई कारोवारको प्रतिवेदन गर्नका लागि यस अघि पनि पटक पटक निर्देशन जारी गरिएकोमा हालसम्म उक्त प्रणालीमा आवद्ध हुने सहकारी संस्थाहरुको संख्या २२०० मात्र भएको पाइएकोले आवद्ध हुन वाँकी सहकारी संघ संस्थाहरु उक्त goAML System मा यथाशीघ्र आवद्ध हुन यो सूचना जारी गरिएको छ।

.....................
(उमेश ढुङ्गाना)
रजिष्ट्रार